# छिपहरमाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
भिस्वा, पर्सा
प्रदेश नं. २,नेपाल

## पोखरी ठेक्का सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७६/०२/२८

१. छिपहरमाई गाउँपालिका अन्तर्गत रहेका सार्वजनिक पोखरीहरुमध्ये तपसिल बमोजिमका पोखरीहरुको माछा पालन प्रयोजनका लागि टेन्डरको सम्झौता भएको मिति देखि ५ (पाँच) वर्षको लागि पोखरी ठेक्कामा दिईने भएकोले पोखरीको सिलबन्दि दरभाउपत्रमा भाग लिने ईच्छुक व्यक्ति वा ईच्छुक इजाजत प्राप्तफम/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको छुट्टाछुट्टै निवेदन पेश गर्नुहुन यो सूचनाप्रकाशित गरिएको छ ।

२. निवेदन दिनुपर्ने अन्तिम मिति : यो सूचना प्रकाशित भएको मिति देखि १५ औं दिनसम्म यस कार्यालयमा रु १०००।-(एक हजार) (पछि फिर्ता नहुने गरी) रकम बुझाई रसिद संलग्न राखी कार्यालयमा सम्वन्धित व्यक्तिले नागरिकताको प्रतिलिपी वा फर्म/संस्थाका अधिकार प्राप्त प्रतिनिधिले फर्म/संस्थाको हकमा अधावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अधावधिक नविकरण फर्म,संस्था वा कम्पनी दर्ताकोप्रमाणित प्रमाणपत्र , मुल्य अभिबृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ.व. २०७४/०७५ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र निवेदन साथ पेश गरी निवेदन दर्ता गराउनु पर्नेछ ।

३. ठेक्काको किसिम : सिलबन्दि दरभाउपत्र

४. धरौटी सम्बन्धमा : धरौटीको रकम नेपाली नागरिक भए ५% (पाँच प्रतिशत) विदेशी भए १०%(दस प्रतिशत) आफुले कबोल गर्ने अंकको रकम पहिला नै यस कार्यालयको नाममा रहेको भिस्वा स्थित एन आई सि एसिया बैंकमा रहेको धरौटी खाता नं. L6CA000187452404 मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन म्याद भएको( निवेदन बुझाउने अन्तिम मिति देखि) नेपाल सरकारको मान्यता प्राप्त बैंकबाट जारी भएको विडवण्ड सिलबन्दि दरभाउपत्र हुनु भन्दा कम्तिमा १(एक) घण्टा अगावै पेश गर्नु पर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा विडवण्ड यो सूचना प्रकाशित भएका मिति पछिकोलाई मान्यता दिइनेछ ।

५.दरभाउपत्र खरिदको हकमा सूचना प्रकाशित मितिले १५औं दिनको कार्यालय समयभित्र दरभाउपत्र खरिद गरी १६औं दिनको १२:०० बजे यस कार्यालयमा सिलबन्दि दरभाउ पत्र दर्ता गराई सक्नु पर्नेछ र १६औं दिनको २:०० बजे यस कार्यालयमा सिलबन्दि दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा शिलबन्दी दरभाउपत्र खोलिने छ । उक्त दिन विदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा सो कार्य हुनेछ । शिलबन्दी दरभाउपत्र खोलिने मिति र समयमा दरभाउपत्रदाताहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

६.सिलबन्दी दरभाउपत्रमा अंक र अक्षरमा केरमेट नगरी स्पष्टसँग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकालाई मान्यता दिइनेछ । म्याद नाघी वा रीत नपुगी प्राप्त भएको शिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

७. सिलबन्दी दरभाउपत्र सम्बन्धि सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

८.अन्य कार्याविधिहरु सार्वजनिक खरिद ऐन,२०६३(संशोधित),सार्वजनिक खरिद नियमावली २०६४(संशोधित) तथा अन्य प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

९.सिलबन्दी दरभाउपत्र सम्बन्धि थप जानकारीका लागि यस कार्यालयमा कार्यालय समयसम्म सम्पर्क गर्न सकिने छ ।

| क्र.सं. | ठेक्का नं. | ठेगाना वडा नं. | पोखरीको नाम | क्षेत्रफल वर्ग फिटमा | कठा | न्युनतम ठेक्का रकम प्रति कठा | ५ वर्षको न्युनतम रकम | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १. | ३५।०७५।०७६ | साविक गाविस सम्भौता वडा नं ८ हाल छिपहरमाई गा.पा.२ बडका टिहुकी | छठीया घाट पोखरी बडकी टिहुकी | १४०३४ | ०-३-१७ | ७००० | १,१०,९५० | |
| २. | ३६।०७५।०७६ | साविक गाविस सम्भौता वडा नं ९ हाल छिपहरमाई गा.पा.२ सेढापर | स्कुल स्थान पोखरी सेढापर | १६०३८ | ०-४-८ | ६००० | १,४४,००० | |
| ३. | ३७।०७५।०७६ | साविक गाविस सम्भौता वडा नं १ हाल छिपहरमाई गा.पा.२ भेडिहरवा | भेडिहरवा पोखरी | २१५०६ | ०-५-१८ | ७००० | १,८१,३०० | |
| ४. | ३८।०७५।०७६ | साविक गाविस तुलसीवर्वा वडा नं ६ हाल छिपहरमाई गा.पा.४ तुलसीवर्वा | डबरी पोखरी तुलसीवर्वा | २६४२६ | ०-७-५ | ४००० | १,५०,००० | |

देवनाथ साह
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner